परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ९३ पृष्ठ ४ २०८१ माघ ८ गते, मंगलबार 21-January, 2025 मूल्य रु. ५/-


9854020595
9801620595
कान्तिपुर
फ्लैक्स प्रिन्ट
मेनरोड, बर्दिबास, महोत्तरी
हाम्रो सेवाहरू
• फ्लैक्स प्रिन्ट • होर्डिङ्ग बोर्ड • 2D बोर्ड • 3Dबोर्ड
• भिजिटिङ्ग कार्ड • टि-सर्ट प्रिन्ट • स्टाम्प • कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## नगरस्तरीय निजामती कर्मचारी युनियनको अध्यक्षमा निरौला



● टक नेपाल

बर्दिबासमा नेपाल कर्मचारी युनियन नगर कार्यसमिति विस्तार गरिएको छ ।

बर्दिबास नगरपालिका नगरप्रमुख प्रल्लाद कुमार क्षेत्रीको प्रमुख आतिथ्यमा उपप्रमुख तारादेवी महत्वको विशिष्ट अतिथ्यमा नेपाल कर्मचारी युनियन जिल्ला कार्यसमितिका अध्यक्ष भरत यादवको अध्यक्षतामा बर्दिबास नगर कार्यसमिति विस्तार गरिएको हो ।

कार्यक्रममा जिल्ला कार्यसमितिका सचिव विजयकुमार चौधरी, सहसचिव दीपकलाल कर्ण कोषाध्यक्ष मनमोहन सिंहको उपस्थिति रहेको थियो।

कार्यक्रमले रोमन निरौलाको अध्यक्षतामा १३ सदस्य कार्यसमिति र ७ सदस्य सल्लाहकार समिति गठन गरेको छ ।

समितिको उपाध्यक्षमा कमला कार्की, पुष्पराज कोइराला सचिव परशुराम थापा, सहसचिव प्रिया कर्ण कोषाध्यक्षमा सरस्वती महत्व चयन भएका छन् भने सदस्यहरूमा लवकुमार यादव, पवन कार्की, लीला कुमारी भुजेल सुमित्रा कार्की भण्डारी पुण्यवती पौडेल साजन दाहाल, जीवन अर्याल सर्वसहमत मनोनित भएका छन्।

सुरेश पासवानको संयोजकत्वमा ७ सदस्य सल्लाहकार समिति गठन भएको छ । सदस्यहरूमा सन्तोष बराल, विनोद ढुंगेल शिक्षा न्यौपाने ,शम्भु शाह, पुष्पा कर्ण अनुपमा साहा रहेका छन् ।




# सिङ्गो बस्ती नै शौचालयविहीन

● टक नेपाल/जलेश्वर

महोत्तरीको मटिहानी नगरपालिकाको वडा नम्बर ४ स्थित मझौरा गाउँको 'मुसहर' बस्ती शौचालयविहीन रहेको पाइएको छ ।

यस बस्तीका दलित मुसहर परिवारहरू शौचका लागि खुला स्थान प्रयोग गर्दै आएका छन्।

स्थानीय बयोवृद्ध ५५ वर्षीय सेवक सदाका अनुसार ७५ घर परिवार रहेको मुसहर बस्तीको कुनै पनि घरमा शौचालय रहेको छैन।

यहाँका सबैजना खुला स्थानमै शौच गर्दै आएका छन्। बस्तीका २२ वर्षीय शोभेन्द्र सदाका अनुसार वृद्धवृद्धा, वयस्क महिला, पुरूष तथा बालबालिका सबै गरेर तीन सय ७० जनाको जनसङ्ख्या रहेको छ । यहाँ बसोबास गर्ने सबै जना सधैंदेखि गाउँको खेतबारी र बाटोको छेउछाउमै दिशा पिसाब गर्दै आएका छन् र अहिले पनि त्यही स्थानमा गएर शौच गर्दै आएका छन्।

बस्तीकै ५० वर्षीय शङ्कर सदाले आफूहरूसँग शौचालय बनाउने कुनै उपाय (आर्थिक अवस्था) नरहेको कारण बाबु, बाजे पालादेखि नै सपपरिवार खुलामै शौच गर्दै आएको बताए। स्थानीय ६० वर्षीया महिला बासो सदाले आफूहरू सधैं गाँस, बाँस र कपासकै अभाव रहने गरेकाले शौचालय निर्माण गर्नु धेरै ठूलो कुरा भएको बताए। यस बस्तीका बासिन्दाले दुई छाक राम्ररी खान नपाएको अवस्थामा कहाँबाट शौचालय निर्माण गर्नु उनले प्रतिप्रश्न गरे।

सोही ठाउँकी अर्की महिला ४५ वर्षीया रानी सदाले बस्ने घरकै लागि पर्याप्त ठाउँ नरहेको अवस्थामा



शौचालय कहाँ निर्माण गर्नु र गर्न चाहे पनि आफूहरूसँग आर्थिक सामर्थ्य नरहेको भन्दै शौचालय निर्माण गर्न नसकेको बताए ।

शौचालयको अभाव भोगिरहेको त्यस बस्तीकी स्थानीय ६० वर्षीया महिला सुनैना देवी सदाले अरूको खेतबारीमा गएर शौच गर्दा गाली गर्ने, कुटपिट गर्ने, सर्प, बिच्छु र अन्य जनावर को डर हुने गरेको दुखेसो गरे।

उनका अनुसार ठूला पुरूष र महिलाले त ठाउँ र समय हेरेर लुकेर कुनै स्थानमा शौच गरिहाल्छन् तर ससाना बालबालिका दिनभरि अरूकै खेतबारी र बाटोघाटोमै शौच गरि दिँदा अरूहरूले गाली गर्ने, लखेट्ने र कुनैकुनै बेला पिटाई खानुपर्ने हुन्छ ।

खर, पात, बाँस र बेतबाट बनाइएको घरबारभित्र जाडोले कठ्याङ्ग्रिँदै बसिरहेका मुसहर बस्तीमा अन्न, लुगाफाटो र रोजगारीको चरम अभाव देखिएको छ भने शिक्षा र स्वास्थ्यजस्ता कुराले त उनीहरूलाई टाढाटाढासम्म छोएको देखिँदैन।

चारैतिरै सबैकुराको अभावै अभाव र जोखिमपूर्ण जीवन बाँचिरहेका मुसहर हरूको आफू बस्ने घरबाहेक अरू जग्गा जमिन नरहेको, खेतबारी नरहेको र सो स्थानमा सार्वजनिक जग्गासमेत नरहे को कारण उनीहरूका लागि सार्वजनिक शौचालय समेत निर्माण गर्न नसकिएको वडा अध्यक्ष अब्दुल गफार राईनले बताए ।

वडाध्यक्ष राईनका अनुसार त्यस बस्तीका ७५ घर परिवारमध्ये सबै जनाको एक नासको बस्ने जग्गा समेत छैन। कसैको दुई धुर, कसैको चार धुर र कसैको एक धुर नै जग्गा रहेको कारण त्यस बस्तीमा कुनै विकासको कार्यक्रम सञ्चालन गर्न सकिएको छैन।

वडाध्यक्ष राईनले शिक्षा, स्वास्थ्य र रोजगारीको सूचकाङ्कमा मटिहानी नगरपालिकामै सबैभन्दा पछाडि रहेको वडा नम्बर ४ मझौरास्थित यस बस्तीमा व्यक्तिगत जग्गाको समस्या रहनुको साथै शौचालयको निर्माण गर्न सार्वजनिक स्थानको पनि अभाव मुख्य समस्या रहेको बताए ।

यता देश नै खुला दिसामुक्त घोषणा भइसकेको अवस्थामा धार्मिक एवं सांस्कृतिक नगरी मटिहानीको मझौरा गाउँको मुसहर बस्ती शौचालयविहीन हुनु र त्यहाँका नागरिक अझै पनि खुला आकासमुनि नै शौच गरिरहेको कुरा आफैंमा लज्जास्पद एवं दुःखद् भएको सरसफाइविज्ञ उमाशङ्कर यादवले बताए ।

मटिहानी नगरपालिका देशकै सबै भन्दा पुरानो गुठी लक्ष्मीनारायण मठ भएको र ३५० वर्षभन्दा पनि पुरानो, बालागुरू षडानन्द पढेको याज्ञवल्क्य लक्ष्मी नारायण विद्यापीठ अझै सञ्चालनमा रहेको स्थान हो।

सुचना ! सुचना !! सुचना !!!

समाज वचत तथा ऋण सहकारी संस्थाको संचालक समितीको २०८१/०९/०७ को निर्णय अनुसार मिति २०८१/१०/३ गते राखिएको साधारण सभा विशेष कारण बस स्थगित भई यस संस्थाको २२ औँ साधारण सभा तपशिलको मिति,समय र स्थानमा हुने भएकोले यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्यलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ । यस संस्थाले आफ्नो शेयर सदस्यलाई पत्रीका, सामाजीक संजाल र रेडियोमार्फत सुचना दिईएको हुँदा यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्य महानुभावहरूलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ ।

तपशील

मिति: २०८१/१०/१३ आइतबार

समय : ११ बजे देखी

स्थान: IRDS, समाज सहकारी अस्पतालको प्राङ्गणमा

गीता अधिकारी
अध्यक्ष
समाज वचत तथा ऋण सहकारी संस्था
बर्दिबास-०१, महोत्तरी
सम्पर्क नं:.९८१९८१४४३६,९८४४०५२६३८



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### नागरिक कर्तव्यच्युत नहोऔँ

राजनीतिक दलहरू भ्रष्ट भए भने नागरिक निराश हुन्छन् । हुन त राजनीतिक दल खराब हुनुमा राजनीतिक दलमा रहेका व्यक्ति मात्र दोषी हुँदैनन्, यसमा जनता पनि जिम्मेवार हुन्छन् । यसमा नागरिकले आफ्नो भूमिका बिर्सिए भने राजनीतिक दलमा रहेका मुख्य नेता निरङ्कुश हुँदै जान्छन् ।

मुख्यरुपमा राजनीतिक दलले गर्ने भ्रष्टाचार नियन्त्रण गर्न नागरिकले भ्रष्टाचारसम्बन्धमा सही जानकारी राख्नु र अरूलाई पनि जागरूक बनाउनुपर्छ । त्यसका साथै स्वतन्त्र मिडिया, सामाजिक सञ्जाल र जनचेतना अभियानमार्फत भ्रष्टाचारका मुद्दाहरू उठाउनुपर्छ । लोकतान्त्रिक अधिकारको उपयोग गर्नुपर्छ ।

स्वतन्त्र र निष्पक्षरुपमा निर्वाचन गरी योग्य र इमानदार उम्मेदवार चयन गर्नु नागरिकको अधिकार हो । तर यहाँ केही सीमित राजनीतिक दलले अधिकांश क्षेत्रमा आफ्नो पकड जमाएका छन् । दलले सबै क्षेत्रमा भ्रातृ संगठन विस्तार गर्दा नागरिक नै नभएको जस्तो महसुस भएको छ । यसले गर्दा नेपालमा निष्पक्ष नेपाली नागरिकभन्दा पनि कार्यकर्ताको संख्या बढी देखिएको छ कार्यकर्ता देशप्रति भन्दा दलप्रति निम्मेवार हुने गरेका छन् । यसले गर्दा राजनीतक दल बिस्तारै निरङ्कुश बन्दै गइरहेको आभास भएको छ यस्तो प्रवृत्ति लोकतन्त्रका लागि घातक पक्ष हो । भ्रष्ट नेताहरूलाई अस्वीकार गर्न जनसंगठन, प्रदर्शन र अभियान चलाउनु नागरिकको कर्तव्य भए पनि यस्तो कार्य भएको छैन। नागरिकले सरकार र राजनीतिक दलहरूको गतिविधिमा निगरानी राख्न सकेका छैनन् ।

त्यस्तै यहाँ सूचनाको अधिकार प्रयोग कमै मात्र भएको छ । कानुनी प्रक्रियामार्फत पारदर्शिता सुनिश्चित गर्न नागरिकले सकेका छैनन्। भ्रष्टाचारमा संलग्न व्यक्तिहरूविरुद्ध कानुनी उजुरी दर्ता गर्न नागरिक समाजले सकेका छैनन् । देशमा नागरिक समाज पनि दलको भइसकेपछि देश र जनताको आवाज उठाउने नागरिक पाउन टुकी बालेर खोज्नुपरेको छ । भ्रष्टाचार नियन्त्रण गर्ने आयोग वा सम्बन्धित निकायमा मुद्दा लगेर न्यायको माग गर्न सकिएको छैन। किनभने भ्रष्टाचार छानबिन गर्ने निकायको प्रमुख नै राजनीतिक दलले नियुक्त गरेका प्रतिनिधि छन् । जुन प्रमुख दलप्रति बफादार हुनु स्वाभाविक पनि हो।

# वार्षिकोत्सवमा सशस्त्र प्रहरीको रक्तदान

● टक नेपाल




विपद्को उद्धार र मानवीय सेवामा जुट्दै आएको सशस्त्र प्रहरी बल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय बर्दिबासले रक्तदान गरेको छ । सशस्त्र प्रहरीको २४ औं वार्षिकोत्सवको अवसरमा बाहिनी मुख्यालय परिसरमा अधिकृत र जवानसहित ५० जनाले शनिबार रक्तदान गरेका हुन् ।

मधेशमा मुख्यतः सीमा सुरक्षा, राजश्वछली र दङ्गा नियन्त्रणजस्ता कार्यमा रहने सशस्त्र प्रहरीले विपद् व्यवस्थापन र उद्धार कार्यमा दक्ष जनशक्तिको सेवा दिदै आएको छ ।

यसपालिको वार्षिकोत्सवमा जीवनरक्षाको मानवीय सेवाको क्षेत्रमा योगदान दिन रक्तदान गरिएको बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कालीदास धौबोजी श्रेष्ठले बताउनुभयो ।

सशस्त्र प्रहरीको रक्तदान कार्यक्रममा प्राविधिक सहयोग नेपाल रेडक्रस सोसाइटी बर्दिबास उपशाखाको र रक्तसञ्चारकेन्द्रले गरेको छ ।

रक्तदान गर्ने सशस्त्र प्रहरीले अस्पतालमा रगतबिना उपचार अड्केका हरुको जीवनरक्षाका लागि आफ्नो रगत जीवन बन्ने कुराले उत्साहित बनाएको प्रतिकृया दिएका छन् ।

# रौतहटमा पेस्तोल र गोलीसहित भारतीय नागरिकलाई पक्राउ

● टक नेपाल



सशस्त्र प्रहरीको गस्ती टोलीले गएराती रौतहटमा पेस्तोल र गोलीसहित एक जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

भारत बिहार जिल्ला पूर्वी चम्पारण मोतिहारी वसन्तपुर ग्राम पञ्चायत ९ बस्ने वर्ष २६ को धनञ्जय कुमार झा पेस्तोल र गोलीसहित पक्राउ परेको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी विक्रम हुमागाईंले बताएका हुन् ।

उनको साथबाट सेमी अटोमेटिक पेस्तोल १ नाल, सोको म्यागेजिन १ वटा र ७.६५ एम एमको ४ राउण्ड गोली बरामद गरिएको एसपी हुमागाईंले बताएका छन्।

बरामद पेस्तोल गोली र आरोपीले प्रयोग गरेको मोटरसाइकलसहित नियन्त्रणमा लिई आवश्यक अनुसन्धान एवं कारबाहीको लागि आइतबार राती नै जिल्ला प्रहरी कार्यालय रौतहटमा बुझाइएको एसपी विक्रम हुमागाईंले जानकारी दिएका छन्।

भारतीय सीमासँग जोडिएको ईशनाथ नगरपालिका ४ लतमरी नाका इलाकाबाट सशस्त्र प्रहरी बल नेपाल मठियाबाट खटिएको टोलीले लतमरी नाका नजिकै सुनिल होटलमा खाजा खाइरहेका शङ्कास्पद ३ जना व्यक्तिहरूलाई चेकजाँच गर्ने क्रममा २ जना व्यक्तिहरू तत्कालै फरार भएको थियो ।

पेस्तोल बोकेका धनञ्जय कुमार झा पक्राउ गरिएको तथा उनको साथबाट बीआर ०५ बी डी १२२४ नम्बरको अपाचे मोटरसाइकल १ थान र सामसङ कम्पनीको ए ३५ मोबाइल १ थान बरामद भएको सशस्त्र प्रहरी बल नम्बर ११ गण हेक्वा रौतहटद्वारा जारी सूचनामा उल्लेख गरिएको छ ।

## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन रोक्न समाजमा चेतना फैलाउन जरूरी छ ।
- विद्यालयदेखि नै बालबालिकालाई यसका बारेमा शिक्षित गराउनु पर्दछ ।
- पाठ्यपुस्तकमा समावेश गरेर आफू कसरी बच्ने र अरूलाई पनि कसरी बचाउने भन्ने कुरा सिकाउन जरूरी छ ।
- समाजमा तुरून्तै लागु गर्न सकिने किसिमका पाठ्यसामग्रीह समावेश गर्न जरूरी छ ।
- रोजगारीका लागि जाने व्यक्तिलाई शिक्षा दिने, गलत बाटोबाट जाँदा पर्ने असरका बारेमा जानकारी गराउने गर्नुपर्छ ।
- व्यक्तिगत तवरबाट आफु सचेत रहि परिवार र साथीहरू सवैलाई सचेतना फैलाउने ।
- शंकास्पद व्यक्ति र जोखिममा रहेका व्यक्तिहरूको बारेमा निगरानी राख्ने परामर्श दिने र आवश्यकता अनुसार सम्वन्धित निकायसँग समन्वय गर्ने ।

**बर्दिबास नगरपालिका, महोत्तरी, मधेश प्रदेश**






# माघ दोस्रो साता अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा सम्मेलन

• टक नेपाल

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवसका अवसरमा ‘अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा’ सम्मेलन आयोजना गर्ने भएको छ । केन्द्रले आज यहाँ आयोजित पत्रकार सम्मेलनमा यही माघ १३ देखि १५ गतेसम्म सम्मेलन आयोजना गरी दिवस मनाउन लागिएको जानकारी दिएको छ ।

संयुक्त राष्ट्रसङ्घले पृथ्वी र पृथ्वीमा बसो बास गर्ने मानव तथा सम्पूर्ण प्राणीजगत्को हित गर्ने स्वच्छ ऊर्जाको न्यायपूर्ण र समावेशी रुपान्तरणका लागि सचेतना जगाउने र सोही बमोजिमका क्रियाकलाप सञ्चालन गर्ने उद्देश्यका साथ सन् २०२४ देखि हरेक वर्ष जनवरी २६ लाई अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवसका रुपमा मनाउँदै आएको छ ।

सम्मेलनको पहिलो दिन यस क्षेत्रसँग सम्बन्धित समस्या, चुनौती तथा अवसरबारे सरोकारवालासँगको अन्तरक्रिया गर्ने केन्द्रले जनाएको छ । दोस्रो दिन नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता क्षेत्रको अवस्था, सरकार को प्राथमिकता तथा आवश्यकता सम्बन्धमा जानकारी गराउने, विकास साझेदारहरुको प्राथमिकता सम्बन्धमा जानकारी हासिल गर्ने एवं आगामी सहकार्य सम्बन्धमा विकास साझेदारहरुसँग छलफल गर्ने केन्द्रको भनाइ छ । सम्मेलनको तेस्रो दिन उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा रुपान्तरणसम्बन्धी सम्मेलन आयोजना गरिनेछ ।



केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले अन्तिम दिनको कार्यक्रममा नेपालमा उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रको विकासमा सघाउ पुऱ्याउने स्वच्छ ऊर्जा रुपान्तरणलाई तीव्रता दिनका लागि सरोकारवालाबीच अनुभव आदानप्रदान, लगानीको अवसरबारे अन्तरक्रिया एवं आवश्यक रणनीति तर्जुमाका लागि विभिन्न प्रस्तुति रहने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “सम्मेलनले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता एवं जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी निकाय, प्रदेश सरकार तथा स्थानीय तह, अनुसन्धानमुलक, प्राज्ञिक संस्था, विकास साझेदार संस्था, लगानीकर्ता, यस क्षेत्रका अभ्यासकर्ता निजी क्षेत्र, सञ्चार जगत, नागरिक समाज एवं क्षेत्रगत विज्ञहरु एउटै स्थलमा उपस्थित हुने अवसर जुटाउनेछ ।”

ढकालका अनुसार सम्मेलनमा तीन सय ५० भन्दा बढीको सहभागिता रहनेछ । यसका लागि १० वटाभन्दा बढी विभिन्न संस्थाहरुको सहयोग रहने केन्द्रको भनाइ छ ।

क्षेत्रगत आवश्यकता, अवसर र चुनौतीहरुको पहिचान, लगानीयोग्य आयोजनाको प्राथमिकीकरण तथा स्वच्छ ऊर्जा रुपान्तरणका लागि लगानीका सम्भावना तथा स्रोत परिचालनका अवसर, नेपालको ऊर्जा रुपान्तरण एवं जलवायु परिवर्तनसँग सम्बन्धित वर्तमान विकास साझेदारी एवं भविष्यको लगानी छनोटको सन्दर्भमा सो क्षेत्रमा भएका सफल आयो जना एवं थालनीका अभ्यासबारे अनुभव आदानप्रदान सम्मेलनको मुख्य लक्ष्य रहेको उहाँको भनाइ छ ।

सम्मेलनमा सम्भाव्य लगानीयोग्य आयो जना प्रस्तुत एवं लगानी अभिवृद्धिमा जोड, ज्ञानमूलक सामग्रीको उत्पादन, प्रकाशन तथा वितरण पनि सम्मेलनमा गरिनेछ ।

उहाँले भन्नुभयो, “ऊर्जा रुपान्तरणका लागि क्षेत्रगत आवश्यकताको पहिचान, ऊर्जा रुपान्तरणका लागि लगानी आवश्यकता र जलवायु वित्तका लागि विभिन्न संयन्त्र पहिचान, लगानी अभिवृद्धि एवं विकास सहकार्य थप मजबुत हुने अपेक्षा छ ।”

सम्मेलनबाट नेपाल सरकारबाट हालै स्वीकृत ऊर्जा विकास मार्गचित्र तथा कार्ययो जना, २०८१ र विद्युत् खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरणसम्बन्धी कार्ययोजना, २०८० को प्रभावकारी कार्यान्वयनका लागिसमेत सहयोग पुग्ने अपेक्षा छ ।

ऊर्जा रुपान्तरणसम्बन्धी विभिन्न विषयवस्तुमा आधारित रही पाँचवटा पूर्णसत्र सञ्चालन गरिनेछ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा काम गर्ने प्रमुख निकाय हो । केन्द्रले स्थापनाकालदेखि नै नवीकरणीय ऊर्जा प्रविधि विस्तार तथा ऊर्जा दक्ष प्रविधि र उपायहरुको प्रवर्द्धनको माध्यमबाट स्वच्छ ऊर्जाको पहुँच वृद्धि, ऊर्जा सेवालाई भरपर्दो, गुणस्तरीय र दिगो बनाउने र ऊर्जा सेवालाई आर्थिक क्रियाकलापहरुसँग सम्बद्ध गराई समावेशी आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउँदै आएको छ ।

ऊर्जा विकास मार्गचित्र तथा कार्ययो जना, २०८१ मा राष्ट्रिय ग्रिड नपुगेका स्थानमा अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युत्मार्फत आगामी दुई वर्षभित्र शत्प्रतिशत घरधुरीमा विद्युत् पुऱ्याउनेलगायत नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विभिन्न लक्ष्य समेटिएका छन् ।




VACANCY ANNOUNCEMENT!!!

“Shop Smart, Shop Kwality”

Kwality Mart Pvt.Ltd.
SHOP SMART, SHOP KWALITY

We are excited to announce the grand opening of Kwality Mart, a 5,000 sq. ft. department store in Bardibas-1, Mahottari! We are hiring passionate and hardworking individuals to join our team. If you have the skills and enthusiasm for retail, customer service, and operations, apply today!

Available Positions:

✶ Management & Administration
⇨ Manager (1) – Oversee store operations, sales strategies, and team leadership. Prior retail management experience is required.
⇨ Assistant Manager (1) – Support the Manager in daily operations and employee supervision.
⇨ Accountant (2)– Manage financial transactions, inventory costs, and payroll. Experience with accounting software is preferred.
✶ Sales & Customer Service
⇨ Sales Supervisor (1)– Lead the sales team, set targets, and ensure excellent customer service.
⇨ Sales Executives (6) – Assist customers with product selection, provide information, and drive sales.
⇨ Customer Service Representatives (2) – Handle inquiries, complaints, and improve the shopping experience.
⇨ Cashiers (4) – Process payments, handle transactions, and maintain accurate billing records.
✶ Inventory & Logistics
⇨ Inventory Manager (1) – Manage stock levels, track orders, and coordinate with suppliers.
⇨ Delivery & Logistics Staff (2) – Manage product deliveries and ensure smooth logistics.
✶ Security & Maintenance
⇨ Security Guards (2)– Ensure store safety, monitor surveillance, and prevent theft.
⇨ Marketing & Promotions
⇨ Marketing & Promotions Officer (1) – Plan and execute marketing campaigns, in-store promotions, and events.
✶ Qualifications & Requirements:
⇨ Minimum education and experience requirements vary by position.
⇨ Strong communication and teamwork skills are essential.
⇨ Candidates with prior experience in retail will be given preference.

How to Apply?

*Location: Kwality Mart, Bardibas-1, Mahottari*

*Send CV to: kkwalitymart@gmail.com* *Call: 9861317934, 9814882025*

*Application Deadline: 25-01-2025*

Join Kwality Mart and be a part of an exciting retail journey!

# चिसोबाट बच्न औरहीमा कम्बल प्रदान



● टक नेपाल

चिसोले जनजीवन प्रभावित भएपछि महोत्तरीको औरही नगरपालिका ९ चेबकटमा एक सय जनालाई कम्वल वितरण गरिएको छ।

औरही नगरपालिकाको आयोजना सेभ द चिल्ड्रेन र सामुदायिक विकास तथा पैरवी मन्चको सहकार्यमा १ सय जना वालवालिका तथा परिवारलाई कम्वल वितरण गरिएको हो।

पछिल्लो समयमा अत्याधिक शितलहर एवम् मौसम प्रतिकुलतका कारण जनजीवन प्रभावित भएको छ। जसको प्रत्यक्ष असर यहाँका वृद्धवृद्धा, असहाय, गरिव अनि विपन्न समुदायलाई प्रत्यक्ष असर पारेका छ।

VACANCY ANNOUNCEMENT!!!

**Urgent Requirement**

Position:- Area Sales Representative (ASR)
Number of Vacancy(ies): 2
Qualification: SLC Passed/ +2 Completed
Experience: Fresher are encouraged to apply or 1-2 years in a Isp Internet Sector
Contract of Employment: Full-time
Job Location: Bardibas, Mahottari
Sallary : As per Company policy

**Skills and Knowledge:**

1.Excellent sales and negotiation skills.
2.Good planning and organizational skills.
3.The ability to work calmly under pressure.
4.Creating a sales plan and proactively experimenting to improve execution.
5.Strong interpersonal and communication skills.
6.Demonstrable and successful sales track record.
7.Good presentation skills.

**Job Duties & Responsibilities:**

1. Present, promote and sell products/services using solid arguments to existing and prospective customers.
2. Establish, develop and maintain positive business and customer relationships.
3. Reach out to customer leads.
4. Achieve agreed upon sales targets and outcomes within schedule.
5. Coordinate sales effort with team members and other departments.
6. Prepare and execute sales applications.
7. Analyze the territory/market's potential, track sales and status reports.

**Vianet Communication Ltd.**

*To Apply:- Send your Resume to*
*rahulkumarjha@vianet.com.np or call*
*(+9779801131433,9802341986)*
*Published Date: 2025-01-09 Application Deadine: 2025-01-29*

# मधेस प्रदेशमा माछा र दूधको उत्पादन बढ्यो

● टक नेपाल

मधेस प्रदेशमा आर्थिक वर्ष २०८०/८१ मा ४५ हजार पाँच सय ७१ मेट्रिक टन माछा उत्पादन भएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन (मधेश प्रदेश) अनुसार आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा मधेश प्रदेशका आठ जिल्लामा माछाको उत्पादन पाँच दशमलव ०४ प्रतिशतले वृद्धि भएको हो।

राष्ट्र बैंकका अनुसार आव २०७९/८० मा मधेश प्रदेशमा माछाको उत्पादन ४३ हजार तीन सय ८६ मेट्रिक टन रहेको थियो।

मधेश प्रदेशमा भएको कूल माछा उत्पादनमा बारा जिल्लाको हिस्सा सबैभन्दा धेरै अर्थात २२ दशमलव ४३ प्रतिशत रहेको छ। पर्सा जिल्लामा भएको माछा उत्पादनको हिस्सा सबैभन्दा कम सात दशमलव ९९ प्रतिशत रहेको छ।

पर्साको पकहाँमैनपुर गाउँपालिकामा व्यावसायिक ढङ्गले दिपेन्द्र माछापालन उद्योग सञ्चालन गर्दै आएका दीनानाथ साहले माछा उत्पादनमा वृद्धि भए पनि माछाको उचित बजार मूल्य नपाएको गुनासो गर्छन्। 'विगतमा भारतबाटै माछाको आयात धेरै हुने गर्थ्यो।

अहिले कम्तीमा पनि यहाँ माछाको उत्पादन बढीरहेको छ,' उनले भने,'माछाको भुरा र माछापालन सम्बन्धित प्राविधिक ज्ञानको अभाव भने खड्किरहेको छ।'





राष्ट्र बैंकको प्रतिवेदनले माछा उत्पादन मात्रै नभएर यस प्रदेशमा दूधजन्य पदार्थको उत्पादनमासमेत वृद्धि भएको देखाएको छ।

आव २०८०/८१ म मधेश प्रदेशमा दूधको उत्पादन एक दशमलव ९३ प्रतिशतले वृद्धि भई ६ लाख ५४ हजार एक सय २३ लिटर पुगेको छ।

मधेस प्रदेशका आठ जिल्लामध्ये दूध उत्पादनको सबैभन्दा ठूलो हिस्सा भने सिरहा जिल्ला रहेको छ। सो जिल्लाको हिस्सा २० दशमलव ४४ प्रतिशत रहेको छ, भने सप्तरी जिल्लाको हिस्सा सबैभन्दा कम सात दशमलव ८३ प्रतिशत रहेको छ।

त्यस्तै मधेस प्रदेशमा मासुको उत्पादन दुई दशमलव ९८ प्रतिशतले वृद्धि भई एक लाख ४३ हजार ६ सय ७० मेट्रिक टन पुगेको छ। मधेश प्रदेशमा अण्डाको उत्पादन पनि बढेको देखिन्छ।

आव २०७९/८० को तुलनामा मधेश प्रदेशमा अण्डाको उत्पादन पनि दुई दशमलव ७९ प्रतिशतले वृद्धि भई १० करोड ६९ लाख ३९ हजार गोटा उत्पादन भएको छ।

# कमला नदीको झोलुङ्गे पुलप्रति पर्यटकको आकर्षण

● टक नेपाल

धनुषा र सिरहा जिल्लालाई जोड्ने कमला नदीमा बनेको मधेश प्रदेशकै सबैभन्दा लामो झोलुङ्गे पुल हाल आन्तरिक तथा भारतीय पर्यटकको प्रमुख आकर्षणको केन्द्र बनेको छ।

यो झोलुङ्गे पुल धनुषाको कठाल र सिरहाको मलहनियाँलाई जोड्दछ। एक हजार पाँच सय मिटर लम्बाइ भएको यो पुल एक वर्षअघि सञ्चालनमा आएको हो। मानिसलाई सहज आवतजावतका लागि बनाइएको यो पुल पर्यटनको नयाँ गन्तव्यका रूपमा विकसित भइरहेको छ।

धार्मिकरूपमा महत्त्वपूर्ण मानिएको कमला नदीमाथि बनेको यो पुलमा चढेर रमाइलो गर्न र यहाँ समूहमा पिकनिक मनाउन भारतको बिहार राज्यदेखि नेपालका विभिन्न स्थानका पर्यटक आउने गरेका छन्।

विशेषगरी आन्तरिक पर्यटक र भारतको जयनगर, मधुवनी, दरभङ्गालगायत टाढाटाढाका स्थानबाट पर्यटकको आगमनले यस क्षेत्रलाई आर्थिकरूपमा पनि सक्रिय बनाएको छ।

स्थानीय विनोदकुमार मण्डलका अनुसार यस्तो पुल पहाडका मानिसका लागि नयाँ नहोला, तर भित्री मधेशका बासिन्दाका लागि यो एकदमै नौलो हो। उहाँले भन्नुभयो, "पुलले यस क्षेत्रमा व्यापारिक र पर्यटकीय गतिविधिलाई निकै प्रोत्साहन गरेको छ।

सार्वजनिक विदा र चाडपर्वका अवसरमा यहाँ मानिसको भिड थामिनसक्नु हुन्छ।" सिरहाको तुलनामा धनुषाको कठालतर्फ बढी पर्यटक आउने र पसलहरू पनि थपिने क्रम बढेको मण्डलले बताउनुभयो।



पुल निर्माण र हेरचाहमा स्वयंसेवकका रूपमा योगदान गर्दै आउनु भएका सिभिल इन्जिनियर मण्डलले यो स्थानलाई थप व्यवस्थित बनाउन स्थानीय तहको सक्रियता आवश्यक रहेको जानकारी दिनुभयो। पर्यटन क्षेत्रलाई दिगो बनाउन प्रदेश र सङ्घीय सरकारसँग सहकार्य गरी थप बजेटको व्यवस्था गर्नुपर्ने उहाँको सुझाव छ।

जनकनन्दिनी गाउँपालिकाका अध्यक्ष विपिनदेव यादवले पुल सञ्चालनसँगै कठाल क्षेत्रलाई व्यवस्थित रूपमा पर्यटन क्षेत्रको रूपमा विकास गर्ने योजना रहेको बताउनुभयो।

पुलसम्म पुग्ने बाटोलाई कालोपत्रे गर्ने काम सुरु भइसकेको छ। आगामी योजनामा पर्यटकका लागि आवश्यक पूर्वाधार, जस्तै पिकनिक स्थल, विद्युतीयकरण, हरियाली प्रवर्द्धन, र पर्यटक आवास स्थान निर्माणको योजना रहेको अध्यक्ष यादवले जानकारी दिनुभयो।

स्थानीयका अनुसार यो झोलुङ्गे पुलले धनुषा र सिरहा मात्र होइन, मधेश प्रदेशकै पर्यटनलाई प्रवर्द्धन गर्न ठूलो भूमिका खेल्ने देखिएको छ। पर्यटकको घुइँचोले स्थानीय व्यापार बढाएको छ भने क्षेत्रीय पहिचानलाई अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्ने अवसर प्रदान गरेको छ।

साथै, धार्मिक महत्त्वका साथसाथै मनोरञ्जन र पर्यटनको सम्भावनाले यस क्षेत्रलाई अझै धेरै पर्यटक आकर्षणको केन्द्र बनाउने अपेक्षा गरिएको छ।

यसरी, कमला नदीको झोलुङ्गे पुलले आर्थिक, सामाजिक र पर्यटन विकासमा एक सकारात्मक प्रभाव पार्दै मधेश प्रदेशको उज्ज्वल भविष्यको मार्ग प्रशस्त गरिरहेको स्थानीय कामेश्वर साहले बताउनुभयो।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com